नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218, Fax: 23326857

मिति: २०७६/०१/३१

# NOC सम्बन्धी सूचना !

भारत हुँदै तेस्रो मुलुकको यात्रा गर्ने नेपाली नागरिकहरूलाई भारतीय अध्यागमन पार (Immigration Clearance) गर्दा यस राजदूतावासको सिफारिस पत्र (No Objection Certificate) आवश्यक पर्न सक्ने भएकोले सोको लागि निम्न कागजातहरूसहित सम्पर्क गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

आवश्यक कागजातहरू:-

१. भारत हुँदै तेस्रो मुलुक जानुपर्ने मनासिव कारणसहित सम्बन्धित व्यक्तिको हस्ताक्षरसहितको निवेदन ।

२. यात्रा गर्ने व्यक्तिको राहदानी र सोको प्रतिलिपि ।

३. गन्तव्य देशको भिसा र हवाई टिकटको प्रतिलिपि ।

४. रोजगार भिसामा विदेश जाने व्यक्तिले बैदेशिक रोजगार विभाग वा अन्तर्गतबाट जारी श्रम स्वीकृति (Employment Permit) को प्रतिलिपि ।

५. यसअघि भारतबाहेक तेस्रो मुलुक भ्रमण गरेको भएमा यात्रा अभिलेख (भिसा, आगमन, प्रस्थान आदि) को प्रतिलिपि ।

६. अध्ययन, व्यवसायको सिलसिलामा भारतमा रहेका नेपाली नागरिकहरूको हकमा अध्ययन, व्यवसायसँग सम्बन्धित परिचयपत्र/कागजातहरू ।

उपरोक्त कागजातहरू सहितको निवेदन प्राप्त भएपछि औचित्यको आधारमा राजदूतावासले उपयुक्त NOC जारी गर्न सक्नेछ ।

नोट:- अत्यन्त जरूरी भई सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुन नसक्ने अवस्थामा नेपाली राजदूतावास, नयाँ दिल्लीको इमेल ठेगाना: consularnepalembassy@gmail.com मार्फत् NOC को लागि निवेदन गर्न सकिनेछ। त्यसरी प्राप्त निवेदनका सम्बन्धमा NOC जारी भएमा इमेलबाटै निवेदकलाई उपलब्ध गराउन सकिनेछ ।

अत्यावश्यक कन्सुलर सेवाको लागि राजदूतावासको मोवाइल नम्बर +९१८९२९६०१९२५ मा सम्पर्क गर्न सकिनेछ ।